## रोल्पानगरपालिकाको आर्थिक ऐन

## रोल्पा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** रोल्पा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रोल्पा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि  रोल्पा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** रोल्पा नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** रोल्पा नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** रोल्पा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** रोल्पा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** रोल्पा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार तथा निकासी  पैठारी गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** रोल्पा नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा  व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** रोल्पा नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** रोल्पा नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** रोल्पा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** रोल्पा नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** रोल्पा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** रोल्पा नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** रोल्पा नगरपालिका ले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि  रोल्पा नगरपालिकाले तोके अनुसार हुने छ ।

अनुसूचि (१)

आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

नगरपालिका क्षेत्रमा लाग्ने एकिकृत सम्पति करको दर

| क्र.सं. | विवरण | एकीकृत सम्पत्ति कर | |
|---|---|---|---|
| १ | रु. १ देखि २ लाख सम्म | २५।०० | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाख सम्म | ५०।०० | पचास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाख सम्म | ७५।०० | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाख सम्म | १००।०० | एकसय रुपैया मात्र |
| ५ | रु. ५ लाख १ देखि ६ लाख सम्म | १२५।०० | एकसय पच्चिस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाख सम्म | १५०।०० | एकसय पचास रुपैया मात्र |
| ७ | रु. ७ लाख १ देखि ८ लाख सम्म | १७५।०० | एकसय पचहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाख सम्म | १९०।०० | एकसय नब्बे रुपैया मात्र |
| ९ | रु. ९ लाख १ देखि १० लाख सम्म | २००।०० | दुइसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाख सम्म | २५०।०० | दुइसय पचास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाख सम्म | ३००।०० | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाख सम्म | ३५०।०० | तीनसय पचास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाख सम्म | ३८०।०० | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाख सम्म | ४००।०० | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाख सम्म | ५००।०० | पांचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाख सम्म | ५५०।०० | पांचसय पचास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाख सम्म | ६५०।०० | छसय पचास रुपैया मात्र |
| १८ | रु. २६ लाख १ देखि २८ लाख सम्म | ८००।०० | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाख सम्म | १०००।०० | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाख सम्म | १२००।०० | एकहजार दूइसय रुपैया मात्र |
| २१ | रु. ३४ लाख १ देखि ३८ लाख सम्म | १५००।०० | एकहजार पांचसय रुपैया मात्र |
| २२ | रु. ३८ लाख १ देखि ४२ लाख सम्म | २०००।०० | दुइहजार रुपैया मात्र |
| २३ | रु. ४२ लाख १ देखि ४६ लाख सम्म | २५००।०० | दुइहजार पांचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाख सम्म | ३०००।०० | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाख सम्म | ३५००।०० | तीनहजार पांचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाख सम्म | ४५००।०० | चारहजार पांचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाख सम्म | ६०००।०० | छहजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाख सम्म | ८०००।०० | आठहजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १ देखि १ करोड सम्म | १००००।०० | दशहजार रुपैया मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाख सम्म | १२०००।०० | बाह्रहजार रुपैया मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | १६०००।०० | सोह्रहजार रुपैया मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोड सम्म | २००००।०० | बीसहजार रुपैया मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० लाख सम्म | २५०००।०० | पच्चिसहजार रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| ३४ | रु. २ करोड २० लाख १ देखि ३ करोड ३० लाख सम्म | ४००००।०० | चालिसहजार रुपैया मात्र |
| ३५ | रु. ३ करोड २० लाख १ देखि ४ करोड सम्म | ५००००।०० | पचासहजार रुपैया मात्र |
| ३६ | रु. ४ करोड १ देखि ५ करोड सम्म | ६००००।०० | साठीहजार रुपैया मात्र |
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए पनि २ रुपैया प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने | | |

**अनुसूचि (२)**

**आर्थिक ऐन २०७४, दफा (३) सँग सम्बन्धित**

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

**मालपोत तथा भुमिकर / घर जग्गा करः-**

| | | | | |
|---|---|---|---|---|
| १ | प्रति रोपनी | ५ | | |
| २ | सहरी क्षेत्रको घडेरी | ५० | | |
| | **घर जग्गा कर** | | | |
| १ | पक्की घर प्रति वर्ग फिट | १ | | |
| २ | जस्ता/ढुंगे छानो प्रति घर | २५ | | |
| ३ | फुसको छानो प्रति घर | १५ | | |

**अनुसूचि (३)**

**आर्थिक ऐन २०७४, दफा (४) सँग सम्बन्धित**

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

**घर बहाल कर दरः-**

**रोल्पा नगरपालिका क्षेत्र भित्र रहेका निजि घरहरु बहालमा लगाएबापत घर बहाल रकमको २ प्रतिशतका दरले घर बहाल कर लाग्नेछ ।**

**अनुसूचि (४)**

**आर्थिक ऐन २०७४, दफा (५) सँग सम्बन्धित**

**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

**व्यवसाय करका दरहरुः-**

| | | | |
|---|---|---|---|
| १ | पोल्ट्री फर्म, खाद्य, तेल, माहुरी, पशुपालन | १००० | |
| २ | काठ फर्निचर, स्टील फर्निचर, ग्रील उद्योग, पाउरोटी, दाना, डेरी, बाकस, होजेरी, गारमेन्ट, खुकुरी, ग्याँस वल्डिङ्ग | २००० | |
| ३ | अगरबत्ति, ममबत्ति, दालमोठ, पुडियाघर, सिमेन्ट टायल, होटल | ५०० | |
| ४ | कन्सल्टेन्सी/व्यवसाय/कानुनी सेवा/परामर्श सेवा र हेयर कटिङ्ग दर्ता सिफारिस | १००० | |
| | | | |
| | **ब्यवसायका प्रकार** | | |
| १ | मदिरा खुद्रा | १५०० | |
| २ | गरगहना पसल | १५०० | |
| ३ | हार्ड वयर पसल | २५०० | |
| ४ | इलेक्ट्रीकल खुद्रा | १००० | |
| ५ | पेट्रोलियम पदार्थ | २००० | |
| ६ | तरकारी पसल | ५०० | |
| ७ | कपडा पसल | | |
| | क वर्ग | २५०० | |
| | ख वर्ग | २००० | |
| | ग वर्ग | १००० | |
| ८ | मोटर साइकल मर्मत | १००० | |
| ९ | प्लाईउड, सिसा, कार्पेट, फ्रेम | १००० | |
| १० | स-मिल/फर्निचर निर्माण | १५०० | |
| ११ | **होटल तथा रेष्टुरेन्ट** | | |
| | क- होटल लज गेष्ट हाउस | २००० | |
| | ख- होटल तथा रेष्टुरेन्ट | १५०० | |
| | ग- साना होटल | १००० | |
| | घ- शहर उन्मुख क्षेत्र/ग्रामिण क्षेत्रको होटल | ८०० | |
| १२ | मिठाई तथा नास्ता पसल, चाट तथा चटपटे | १००० | |
| १३ | छापाखाना | १५०० | |
| १४ | कलर ल्याव स्क्रिन प्रिन्ट तथा फ्लेक्स प्रिन्ट | १००० | |
| १५ | इलेक्ट्रीसियन, फोटो कपि, कुरियर/फोन फ्याक्स | ५०० | |
| १६ | छपाई तथा प्रकाशन, प्रसारण गृह | २००० | |
| १७ | वाणिज्य बैंक | ५००० | |
| १८ | विकास बैंक | ४००० | |
| १९ | फाइनान्स, वित्तिय संस्था | ३००० | |
| २० | सहकारी संस्था | १००० | |

| | | | |
|---|---|---|---|
| २१ | विमा कम्पनी | ३००० | |
| २२ | मनिट्रान्सफर | ३००० | |
| २३ | निजि अस्पताल | २००० | |
| २४ | जुत्ता, चप्पल मर्मत पसल | ५०० | |
| २५क | टेलर्स पसल चार भन्दा बढी मेशीन | १००० | |
| २५ख | टेलर्स पसल चार भन्दा मुनी मेशीन | ७०० | |
| २६ | व्युटी पार्लर हेयर कटिङ सैलुङ | १००० | |
| २७ | साइनवोर्ड पेन्टीङ्ग | १००० | |
| २८ | फोटो स्टुडियो | १००० | |
| २९ | स्टील, काठ, फर्निचर विक्रेता | १००० | |
| ३० | ट्रान्सपोर्ट ढुवानी सेवा व्यवसाय कर | १५०० | |
| ३१ | मासु पसल | १००० | |
| ३२ | एग्रोभेट | ७०० | |
| ३३ | भाडा पसल | १२०० | |
| ३४ | मोटर पार्टस विक्री पसल | १२०० | |
| ३५ | कवाडी | १२०० | |
| ३६ | पुस्तक तथा स्टेशनरी | १२०० | |
| ३९ | चस्मा पसल | १००० | |
| ४० | मोबाइल पसल | १२०० | |
| ४१ | गिफ्ट तथा फोटो प्रिन्ट पसल | १००० | |
| ४२ | ग्यास सिलिण्डर विक्री | १२०० | |
| ४३ | तरकारी तथा फलफूल पसल | ७०० | |
| ४४ | सोलार सम्बन्धि पसल | १००० | |
| ४५ | इञ्जिनियरिङ कन्सल्टेन्सी सेवा | ५००० | |
| ४६ | कम्प्युटर तथा टिभि पसल | १५०० | |
| | **डिलर फर्म** | | |
| ४७ | किराना साबुन विस्कुट आदि | १५०० | |
| ४८ | मदिरा | १०००० | |
| ४९ | सुर्तिजन्य | २००० | |
| ५० | चाउचाउ | २००० | |
| ५१ | इलेक्ट्रीकल, इलेक्ट्रीक | २००० | |
| ५२ | औषधी | १५०० | |
| ५३ | रिचार्ज कार्ड | १००० | |
| ५४ | अन्य | २००० | |
| ५५ | **निजि विद्यालय वार्षिक कर** | | |

| | | | |
|---|---|---|---|
| | १.क्याम्पस स्तर | ५००० | |
| | २.मा.वि. स्तर | ३००० | |
| | ३.नि.मा.वि. स्तर | २००० | |
| | प्रा.वि. स्तर | १५०० | |
| | पुल हाउस | १००० | |
| | पशु बधशाला | १००० | |
| | केवुल नेटवर्क | ५००० | |
| | जादु सर्कस अनुमती | | |
| | गाडीमा गरिने घुम्ति व्यापार | २००० | |
| ५६ | विशेष परामर्श अन्य व्यवसायिक सेवा | | |
| | १। अनुसन्धानकर्ता तथा परामर्श सेवा | १००० | |
| | २। चिकित्सक, कविराज, इञ्जिनियर, लेखापरिक्षक, कानून व्यवसायी, अनुवादक, पशुचिकित्सक, विमा एजेन्ट | १००० | |
| | निर्माण व्यवसायी नगरपालिकामा प्रधान कार्यालय भएको | २००० | |
| | माथिको वर्गिकरणमा समावेश नभएका सेवा व्यवसाय कारोवारको स्तर हेरी | १००-५००० | |

**अनुसूचि (५)**

**आर्थिक ऐन २०७४, दफा (६) सँग सम्बन्धित**

**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

**जडिबुटी, कवाडी र जीवजन्तु करः-**

| क्र.स. | विवरण | इकाइ | दर | कैफियत |
|---|---|---|---|---|
| १ | उन ( प्राकृतिक तथा कृत्रिम ) | के.जि | २५ पैसा | |
| २ | खोटो | | १ रुपैया | |
| ३ | काठ गोलिया चिरान | क्यु फिट | १ रुपैया | |
| ४ | खाली सिसी /वियर वोतल | गोटा | ५० पैसा | |
| ५ | प्लाष्टिक वोतल भाडा कुडा जर्किन चप्पल | केजी | ५० पैसा | |

| | | | | |
|---|---|---|---|---|
| ६ | धातुका टुक्रा तथा सामन फलाम | केजी | ५० पैसा | |
| ७ | मरेका वा मारिएका पशुको हाड सिङ खुर छाला | केजी | ५० पैसा | |

**अनुसूचि (६)**

**आर्थिक ऐन २०७४, दफा (७) सँग सम्बन्धित**

**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

**सवारी साधन करः-**

| | | | | |
|---|---|---|---|---|
| | १ | बस, ट्रक, लरी र हेभी गाडी | १००० | कै. |
| | २ | भाडाका कार जिप | ५०० | |
| | ३ | मिनि बस, मिनि ट्रक | ७०० | |
| | ४ | अटो रिक्सा | ४०० | |
| | ५ | मोटर साइकल /स्कुटर मोपेड | १०० | |
| | ६ | ट्र्याक्टर | ५०० | |
| | ७ | पावर टिलर | २५० | |
| | ८ | अटो रिक्सा दर्ता तथा संचलान इजाजत दस्तुर | २००० | |

**अनुसूचि (७)**

**आर्थिक ऐन २०७४, दफा (८) सँग सम्बन्धित**

**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

**विज्ञापन करः-**

| क्र.स. | विज्ञापन विवरण | इकाइ | दर | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापरिक विज्ञापनको भित्ते लेखन | वर्ग फिट | ५ रुपैया | |
| २ | सरकारी, सार्वजनिक स्थल तथा निजि भवनमा राखिने होडिङ वोर्ड | वर्ग फिट | ५ रुपैया | |
| ३ | टेलिफोन टावरहरु ५० फिट सम्म | वटा | ५००० रुपैया | |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारिक विज्ञापन | दिन | २० | |
| ५ | स्टेच प्रोग्राम बाट गरिने विज्ञापन | दिन | ५००० | |

अनुसूचि (१०)

आर्थिक ऐन २०७४, दफा (११) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

**पार्किङ शुल्कः**

| क्र. स. | सवारी साधन | समय | दर | कैफियत |
|---|---|---|---|---|
| १ | बस, ट्रक, लरी र हेभी गाडी | प्रति घण्टा | २० | |
| २ | भाडाका कार जिप | प्रति घण्टा | १५ | |
| ३ | मिनि बस, मिनि ट्रक | प्रति घण्टा | १५ | |
| ४ | अटो रिक्सा | प्रति घण्टा | १० | |
| ५ | मोटर साइकल /स्कुटर मोपेड | प्रति घण्टा | १० | |
| ६ | ट्रयाक्टर | प्रति घण्टा | १५ | |

अनुसूचि (१२)

आर्थिक ऐन २०७४, दफा (१३) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

**सेवा शुल्क, दस्तुरः-**

| क्र.सं. | | सिफारीस दस्तुर | | कै. |
|---|---|---|---|---|
| १ | १ | **मठ मन्दिर, पाटी पौवा, द्वन्द्व पीडित, दैवी प्रकोप पीडित, असहाय विरामी, अपाङ्गता** | **निशुल्क** | |
| २ | | बकसपत्र | १५०० | |
| ३ | | शेषपछिको वकसपत्र | १००० | |
| ४ | | अंशवण्डा | ५०० | |
| ५ | | नाता प्रमाणित | २०० | |
| ६ | | **चार किल्ला/घर बाटो प्रमाणित सिफारीस** | | |
| | १ | पक्की बाटोले छोएको | ५०० | |
| | २ | कच्ची बाटोले छोएको | ३०० | |
| | ३ | सडकले नछोएको | २०० | |
| ७ | | **नाता प्रमाणित** | | |
| | १ | अंग्रेजी भाषामा | ५०० | |
| | २ | नेपाली भाषामा | २०० | |
| ९ | | **घर कायम** | | |

| | | | | |
|---|---|---|---|---|
| | १ | पक्कीघर | १००० | |
| | २ | कच्चीघर | २५० | |
| १० | | **रकम असुलीको मिलापत्र** | | |
| | १ | रकम खुलेकोमा प्रतिशत | २ प्रतिशत | |
| | ३ | रकम नखुलेकोमा | ५०० | |
| ११ | | **बसोबास** | ५०० | |
| | १ | स्थायी बसोबास | ७५० | |
| | २ | अस्थायी बसोबास | ५०० | |
| १२ | | नाम सच्याइ सर्जमित मुचुल्का गर्नुपर्ने नाम जन्मस्थान मिति | ५०० | |
| १३ | | मिलापत्र दुवैपक्षबाट | ५०० | |
| १४ | | टेलिफोन सिफारीस | ५०० | |
| १५ | | **संघ संस्था दर्ता/नविकरण सिफारीस** | | |
| | १ | दर्ता सिफारिस | १००० | |
| | २ | नविकरण सिफारिस | ५०० | |
| १६ | | **रुख कटानको लागि सिफारीस प्रति वोट** | | |
| | १ | साल, सिसौ, खयर | ५०० | |
| | २ | अन्य काठ | २५० | |
| १७ | | **नागरिकता सिफारीस** | | |
| | १ | अंगिकृत नागरिकता | ५०० | |
| | २ | नागरिकता | १०० | |
| १८ | | **छुट जग्गा दर्ता सिफारीस प्रति रोपनी** | | |
| | १ | शहरी क्षेत्र | ६०० | |
| | २ | शहर उन्मुख क्षेत्र | ४०० | |
| | ३ | ग्रामिण क्षेत्र | २०० | |
| १९ | | घरको ताला खुलाउने दस्तुर | ५०० | |
| २० | | व्यवसायको लगत कट्टा सिफारीस | २०० | |
| २१ | | मोठ श्रेस्ता सिफारीस | ३०० | |
| २२ | | उद्योग नामसारी/ठाउँ सारी | ५०० | |
| २३ | | व्यवसाय नामसारी/ठाउँ सारी | ५०० | |
| २४ | | **पेन्सन नामासारी सिफारीस** | | |

| | | | | |
|---|---|---|---|---|
| | १ | स्वदेश | ५०० | |
| | २ | विदेश | १००० | |
| २५ | **घर जग्गा नामसारी सर्जमिन समेत** | | | |
| | १ | शहरी क्षेत्र | १२०० | |
| | २ | शहर उन्मुख क्षेत्र | ८०० | |
| | ३ | ग्रामिण क्षेत्र | ५०० | |
| २६ | **ठेक्का लाइसेन्सको सिफारीस** | | | |
| | १ | क श्रेणी | २००० | |
| | २ | ख श्रेणी | १५०० | |
| | ३ | ग श्रेणी | १००० | |
| | ४ | घ श्रेणी | ५०० | |
| २७ | **निजि विद्यालय सिफारीस** | | | |
| | १ | आधारभुत शिक्षा | १००० | |
| | २ | मा.वि. | १५०० | |
| | ३ | क्याम्पस स्तर | २००० | |
| २८ | **सरकारी विद्यालय तर्फ सिफारिस** | | | |
| | १ | आधारभुत शिक्षा | ४०० | |
| | २ | मा.वि. | ८०० | |
| | ३ | क्याम्पस स्तर | १२०० | |
| २९ | **विद्युत सिफारीस** | | | |
| | १ | उद्योग | १००० | |
| | २ | घरायसी | | |
| | | पक्की घर | ५०० | |
| | | जस्ता/ढुंगे छानो | ३०० | |
| | | फुसको छानो | २०० | |
| ३० | | घर/जग्गा/सम्पत्ति मुल्याङ्कन प्रति हजार | ०।२प्रतिशत | |
| | | घडेरी प्लटिङ्गमा बाटो कायम | २००० | |
| ३१ | **उद्योग दर्ता सिफारीस** | | | |
| | १ | ५ हर्ष पावरसम्म | १००० | |
| | २ | १० हर्ष पावरसम्म | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| | ३ | १५ हर्ष पावरसम्म | २००० | |
| ३२ | क | **नेपाली भाषामा प्रमाणित/सिफारिस** | | |
| | १ | जन्म मिति प्रमाणित | २०० | |
| | २ | विवाहित/अविवाहित प्रमाणित | २०० | |
| | ३ | ठेगाना, नाम फरक, चालचलन प्रमाणित | २०० | |
| | ४ | जात जाति | २०० | |
| | ५ | नखुलेका अन्य | २०० | |
| | ख | **अंग्रेजी भाषामा प्रमाणित/सिफारिस** | | |
| | १ | जन्म मिति प्रमाणित | ३०० | |
| | २ | विवाहित/अविवाहित प्रमाणित | ३०० | |
| | ३ | ठेगाना, नाम फरक, चालचलन प्रमाणित | ३०० | |
| | ४ | जात जाति | ३०० | |
| | ५ | नखुलेका अन्य | ३०० | |
| | ६ | सवै सिफारिसमा वैदेशिक प्रयोजनका लागि मात्र थप | ५०० | |
| ३३ | **उद्योग/व्यवसाय दर्ता सिफारीस सर्जमिन समेत लगानी ३ लाख सम्म १०००, ३ लाखदेखि ५ लाखसम्म १५००, ५ लाखदेखि माथि २५००** | | | |
| | १ | पोल्ट्री फर्म, खाद्य, तेल, माहुरी, पशुपालन | १००० | |
| | २ | काठ फर्निचर, स्टील फर्निचर, ग्रील उद्योग, पाउरोटी, दाना, डेरी, बाकस, होजेरी, गारमेन्ट, खुकुरी, ग्याँस वल्डिङ्ग | २००० | |
| | ३ | अगरबत्ति, ममबत्ति, दालमोठ, पुडियाघर, सिमेन्ट टायल, होटल | ५०० | |
| | ४ | कन्सल्टेन्सी/व्यवसाय/कानुनी सेवा/परामर्श सेवा र हेयर कटिङ्ग दर्ता सिफारिस | १००० | |
| | | | | |
| ३४ | **अमिन उपभोग दस्तुर** | | १००० | |
| ३५ | **घर नक्सा पास पक्की घरमात्र प्रति वर्ग फिट सबै तला दस्तुर** | | | |
| | क | बजार क्षेत्रमा | | |
| | १ | -फ्रेम स्ट्रक्चर इटा वा ब्लकको गारो भएको..प्रति वर्ग फिट | ३ | |
| | २ | -लोड वियरिङ्ग आर सि.सि. छाना भएको...प्रति वर्ग फिट | २।५ | |
| | ३ | लोड वियरिङ्ग स्लेट र जस्ताको छाना भएको..प्रति वर्ग फिट | २ | |
| | ४ | कच्ची घर | ०।५ | |

| | | | | |
|---|---|---|---|---|
| | ख | शहर उन्मुख क्षेत्र/ग्रामिण क्षेत्रमा | | |
| | १ | फ्रेम स्ट्रक्चर इटा वा व्लकको गारो भएको. प्रति वर्ग फिट | २ | |
| | २ | लोड वियरिङ्ग आर सि.सि. छाना भएको प्रति वर्ग फिट | १.५ | |
| | ३ | लोड वियरिङ्ग स्लेट र जस्ताको छाना भएको.... भुइ तला | १ | |
| | ४ | कच्ची घर | ०.२५ | |
| ३६ | १ | **न.पा.को अनुमति विना घर निर्माण गरी नक्सा पास गर्न आएमा जरिवाना प्रतिवर्ग फुट** | ५ | |
| ३७ | **फोहर व्यवस्थापन शुल्क मासिक** | | | |
| | १ | प्रत्येक सटर | १०० | |
| | २ | प्रत्येक कोठा | ७५ | |
| | ३ | तरकारी पसल | १०० | |
| | ४ | ढ्याप्ली | ५० | |
| | ५ | पक्की मोटर बाटोमा पर्ने प्रत्येक घर | १०० | |
| | ६ | निजि विद्यालय | २०० | |
| | ७ | पुरा घर लिएको होटल तथा लजहरु | २०० | |
| ३८ | व्याक हो लोडर इन्धन र अपरेटर भत्ता प्रति घण्टा | | १२०० | |
| | टि्पर भाडा प्रतिदिन इन्धन बाहेक | | ७५०० | |